


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

प्रकृति सकिए जीवन सिद्धिन्छ। त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजंगल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २८ गते बुधवार ❑ 12 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विकास र राजनीतिलाई सँगसँगै लिएर जानुपर्छः वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ पुस**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकास र राजनीतिलाई सँगसँगै जोडेर लैजानुपर्ने बताउनुभएको छ।

ऋषिङ गाउँपालिकाद्वारा आयोजित दोस्रो ऋषिङ अल्ट्रा म्याराथन प्रतियोगिताको समापन कार्यक्रममा मंगलबार उहाँले भन्नुभयो, "विकास र राजनीति एक अर्काका परिपूरक हो। त्यसैले विकास र राजनीतिलाई सँगसँगै लिएर जानुपर्दछ।"



विकासका क्षेत्रमा पछि परेका ऋषिङमा अहिले विकास निर्माणले गति लिन थालेको उल्लेख गर्दै उहाँले हिजो हामीले विकास निर्माणको सुरुआत गरेको र आज विकास भएका कारण गाउँको मुहारमा परिवर्तन आएको बताउनुभयो। उहाँले गाउँपालिकाले खेलकुदका माध्यमबाट सिङ्गो गाउँपालिका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न चालेको कदम सकारात्मक रहेको उल्लेख गर्नुभयो। नेता पौडेलले खेलकुद राष्ट्रको गहना भएको बताउँदै यसको सम्वर्द्धनका लागि राज्यले उचित ध्यान दिन सके सक्षम खेलाडी उत्पादनमा सहज हुनेमा जोड दिनुभयो। खेलकुद मानिसको स्वास्थ्यका लागि पनि उत्तिकै महत्वपूर्ण भएको उल्लेख गर्दै उहाँले स्थानीय तहले खेलकुद क्षेत्रलाई प्राथामिकतामा राखेर राष्ट्रियस्तरका खेलाडी उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो।

वरिष्ठ नेता पौडेलले म्याराथन प्रतियोगितामा विजयी हुने खेलाडीलाई नगद, प्रमाणपत्र, मेडल र ट्रफिबाट पुरस्कृत गर्नुभयो। म्याराथनको उपाधि तीर्थराज तामाङले हात पारेका छन्। ४२ दशमलव पाँच किलोमिटर लामो दूरीको उक्त म्याराथन २ घण्टा ५२ मिनेटमा पार गर्दै उहाँले उक्त उपाधि जित्न सफल हुनुभएको हो। त्यसैगरी देवराज महतराले २ घण्टा ५४ मिनेटमा सो दूरी पार गरी द्वितीय भएका छन्। यी दुबै जना त्रिभुवन आर्मी क्लबका हुन्।

त्यसैगरी सुमन कुलुङ राईले तृतीय र राजन मेयङबाले सान्तवना पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगितामा प्रथम द्वितीय, तृतीय र सान्तवना हुने खेलाडीलाई क्रमशः ६५, ४०, २५ र १० हजारका साथै मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो।

## प्रेस स्वतन्त्रतामा कुनै सम्झौता हुनहुँदैन : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रेस स्वतन्त्रतामा कुनै पनि सम्झौता हुन नहुने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ छापा सञ्चार माध्यम हकहित प्रवर्द्धन विभागको आयोजनामा नवलपुरको कावासोतीमा मंगलबार भएको 'गण्डकी प्रदेशस्तरीय छापा सञ्चार माध्यमका समस्या तथा समाधानका उपाय' विषयक अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री पोखरेलले सत्तामा हुदाँ र बाहिर रहँदा यदाकदा बोली फेरिने गरेको देखिए पनि प्रेस स्वतन्त्रतामा कुनै पनि किसिमको सम्झौता हुन नहुने बताउनुभयो।

विगतमा ल्याएका केही विधेयक धेरै विवादास्पद भएकामा आफूहरूले विरोध जनाएको उल्लेख गर्दै उहाँले गण्डकी प्रदेश सरकार कुनै पनि बहानामा छुट्टै कानुन बनाएर सञ्चार नियन्त्रण गर्ने भन्ने पक्षमा नभएको स्पष्ट पार्नुभयो।

"विधेयकबारे चिन्ता चासो रहेको पाए। संविधानमा उल्लेखित शब्दावली मूल्य मान्यताको प्रतिकूल हुने गरी कुनै पनि बहानामा छुट्टै कानुन बनाएर सञ्चारलाई नियन्त्रण गर्ने पक्षमा प्रदेश सरकार छैन'', मुख्यमन्त्री पोखरेलले भन्नुभयो। प्रदेश सरकार प्रेस स्वतन्त्रताको पक्षमा रहेको उहाँले स्पष्ट पार्नुभयो। प्रदेश सरकारले पत्रकार महासङ्घका भवन नभएका जिल्लामा बजेट छुट्याएको उल्लेख गर्दै उहाँले प्रदेशभित्रका लोक कल्याणकारी विज्ञापनलाई व्यवस्थित बनाउने विषयमा सबै पक्ष बसेर छलफल गर्न सकिने बताउनुभयो।

## थप दुई हजार ४४४ मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २७ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप दुई हजार ४४४ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा १५ हजार ३३ को नमूना परीक्षण गरिएको थियो। १० हजार ६४८ ले पीसीआर र चार हजार ३८५ ले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा ३१३ कोरोनाबाट निको भएका छन्। यससँगै निको हुनेको सङ्ख्या आठ लाख १४ हजार ७९८ पुगेको छ। नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३५ हजार ९२७ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९७ हजार ९६७ सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख ४८ हजार २३७ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ६५ हजार २२८ पुगेको छ। कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा एक लाख ८० हजार ४५७ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या नौ हजार ५२२ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०७ पुगेको छ। हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा १९ र आइसियुमा ९३ जना रहेका छन्। होम आइसोलेसनमा आठ हजार ८६७, संस्थागत आइसोलेसनमा ६५५ र क्वारेन्टिनमा ११३ रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, मोरङ, चितवन, कास्की, बाँके र कैलाली छन्। शून्य सङ्क्रमित रहेका जिल्लामा मुस्ताङ र मुगु रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा तीन हजार ५२१, ललितपुर एक हजार ९० र भक्तपुरमा ६९९ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

## पुम्दीकोटमा आयोजना हुने भनिएको महायज्ञ हाल स्थगित

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

पोखरा २२ को पुम्दीकोटमा आउँदो माघ महिनाको ८ देखि १८ गतेसम्म बिशाल महमादेवको मुर्ति निर्माणको अभियान अर्न्तगत अधुरा कार्यपूरा गर्न पुनः दोश्रो पटक आयोजना हुन लागेको शिवमहापुराँण एवं धार्मिक पर्यटन महोत्सव हाल स्थगित भएको छ। उक्त महायज्ञ संचालनको अन्तिम चरणमा पुगे पनि विश्व व्यापी महामारी कोरोना भाइरस संक्रमणको तेश्रो लहरका कारण हाललाई स्थगित गरिएको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए। अर्को सूचना जारी नहुन्जेनसम्मको लागि उक्त महायज्ञ स्थगित भएको उनले जनाए। कोरोना संक्रमण दर घटेर केही सहज हुन साथ उक्त महायज्ञ हुने भएको समितिले जनाएको छ। धार्मिक पर्यटनको गन्तव्य हुन थालेको पुम्दीकोट बिशाल महादेवको मुर्तिको अधुरा काम पुरा गर्न पुनः महायज्ञ संचालनको लागि आफुहरु जुटेको अध्यक्ष बरालले जनाए।

हालसम्म उक्त बिशाल महादेवको मुर्ति निर्माण परियोजना अघि बढाउने क्रममा करिब ३ करोड ७५ लाख ऋणमा काम अघि बढेकोले गर्दा पनि पुनः महायज्ञ आयोजना गर्न लागिएको समितिका अध्यक्ष बरालले बताए।

## नेपाली भूगागमा भारतले संरचना निर्माण गरेकामा एमालेको आपत्ति

**रासस**
**काठमाडौं, २७ पुस**

नेकपा (एमाले) ले लिपुलेक र लिम्पियाधुरा क्षेत्र नेपालका अभिन्न भूभागका रूपमा रहेको स्थितिमा त्यहाँ भारत सरकारले विभिन्न संरचना निर्माण गरिरहेकामा ध्यानाकर्षण भएको जनाएको छ।

एमालेका परराष्ट्र मामिला विभागका डा राजन भट्टराईले आज विज्ञप्ति जारी गर्दै गत वर्ष नै राजनीतिक-प्रशासनिक नक्सा एवं संविधान संशोधनमार्फत नेपालले यस विषयमा आफ्नो कानूनी एवं राजनीतिक अडान स्पष्ट पारिसकेको स्थितिमा भूगाग फिर्ता ल्याउन त्यसबेला नेपाल सरकारले कूटनीतिक पहल सुरु गरेको स्मरण गराउनुभएको छ। "नेपाल-भारत संयुक्त आयोगको बैठकमा सीमालगायत दुई देशबीचमा थाँती रहेका विषयलाई कूटनीतिक माध्यमबाट टुङ्ग्याउने भनी गरिएको सहमति विपरीत भारतीय पक्षबाट उक्त नेपाली भूभागमा सडकसहित संरचना निर्माणलाई तीव्रता दिइरहेकोप्रति नेकपा (एमाले) को गम्भीर ध्यानाकर्षण भएको छ।" विज्ञप्तिमा भनिएको छ, "नेपालको सार्वभौमसत्ता, भौगोलिकअखण्डता र स्वाभिमानमाथि आँच पुऱ्याउने यस्ता गतिविधि तत्काल बन्द हुनुपर्छ, सडकलगायत संरचना निर्माण रोकिनुपर्छ, वार्ताको माध्यमबाट यस विषयलाई अविलम्ब टुङ्ग्याइनुपर्छ र वार्ताबाट समाधान नखोजिँदासम्म राज्यस्तरबाट कुनै पनि संरचना बनाइनुहुन्न।"

## पोखरा उपत्यकामा जलपंक्षी गणना शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

पोखरा उपत्यकामा मंगलबारदेखि जलपंक्षी गणना शुरु भएको छ।



सन् १९८७ देखि वर्षेनि नियमित रूपमा गरिँदै आएको जलपंछी गणना कार्यक्रम मंगलबारदेखि पोखरा उपत्यकामा रहेका तालहरुबाट शुरु गरिएको हो। सन् २००४ बाट पोखरा उपत्यकामा नियमित आधिकारिक गणना र अभिलेख राखिएको छ। यो गणना भोलीसम्म जारी रहनेछ। प्रत्येक वर्ष अंग्रेजी महिना जनवरीको पहिलो हप्तादेखि तेस्रो हप्तामा गरिने उक्त गणना कार्यक्रममा स्वयंसेवी पंछी अवलोकनकर्ता, स्थानीय बासिन्दा, सरोकारवाला निकाय, पत्रकार र संरक्षण संघ संस्थाको सहभागिता हुने गर्दछ। सिमसारमा आश्रित पानीचराहरूको अवस्था पत्ता लगाउन, सङ्ख्याको अध्यावधि गर्न, संरक्षणमा स्थानीय समुदायलाई सहभागी बनाउँदै जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक वर्ष नेपालभर जलपक्षीहरूको अनुगमन र गणना गर्ने गरिन्छ। यस वर्ष पनि पुस १७ देखि माघ ५ (जनवरी १ देखि १९) सम्म विश्वभरका साथै नेपालका ६० भन्दा बढी ताल तलैया र नदीका भागहरूमा जलपक्षीहरूको गणना गरिने पोखरा पंक्षी समाजका अध्यक्ष तथा गणनाका क्षेत्रीय प्रतिनिधी मनशान्त घिमिरेले जानकारी दिए। दक्षिण एसियामै पहिलो पटक वन्यजन्तु पर्यटन भित्र्याउने पायोनियर कम्पनी टाइगर टप्सको चेन होटल टाइगर माउण्टेन पोखरा लजका प्रबन्धक मार्कस कटनको अगुवाईमा सन् २००४ देखि पोखरा उपत्यकामा शुरु गरिएको पानी चरा गणना पोखरामा रहेका केहि पथ प्रर्दशकहरु, नेपाल पंक्षी संरक्षण संघ पोखरा र पछिल्लो समयमा पोखरा पंक्षी समाजको संलग्नतामा गर्दै आएको छ। पहिलो दिन बिजयपुर खोला, कमलपोखरी, गुँदे, खास्टे, न्युरेनी, दिपाङ, मैदी ताल, बेगनास र रुपा तालमा र दोस्रो दिन फेवातालमा जलपंछी गणना कार्यक्रम गरिने टाइगर माउण्टेन पोखरा लजका नेचुरलिस्ट झलक चौधरीले जानकारी दिए।

यसबर्ष टाइगर माउण्टेन पोखरा लज, पोखरा पंछी समाज, हिमालयन डटर्स बर्ड क्लब, नेपाल पंक्षी संरक्षण संघपोखरा शाखा, पर्यटन गाइड, संरक्षणकर्मी, पत्रकार, पंछी अवलोकनकर्ता, स्थानीय बासिन्दा, सरोकारवाला निकायहरुको सहभागिता रहने संघका अध्यक्ष घिमिरेले बताए।

हाल सम्म गरिएको गणनामा पोखरा उपत्यकामा ४६ प्रजातिका पानी चराको अभिलेख गरिए पनि बर्षै भरि गरिने अध्ययनमा १०२ प्रजातिका पानी चरा देखिएको समाजका अध्यक्ष घिमिरेले जानकारी दिए।



# पोउवा संघको पहलमा लेखा र प्याकेजिङ तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

पोखराका उद्योगी/व्यवसायी लघु,घरेलु तथा साना व्यवसायीहरुले २ वटा तालिम पाएका छन् । उनीहरुलाई लेखा व्यवस्थापकीय र लेबलिङ,प्याकेजिङ तथा बजारीकरणसम्बन्धी तालिम दिइएको हो । लेखामा २५ सहित तालिममा करिब ५० जनाको सहभागिता रहेको थियो ।



२ दिने तालिमको नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र आयोजना तथा पोखरा उद्योग वाणिज्य संघ सह-आयोजक रहेको थियो । आफ्नो लेखा चुस्त-दुरुस्त राख्न नसक्दा व्यहोर्नुपर्ने हैरानी र घाटाबाट व्यवसायीहरुलाई मुक्त गराउन एवं गुणस्तरीय उत्पादन गरे पनि बजारीकरणमा भोग्नुपरेको समस्या निराकरण गर्न तालिम आयोजना गरिएको हो । तालिममा दोहोरो लेखा प्रणाली तथा लेबलिङ र प्याकेजिङ कसरी गर्ने भन्नेबारे जानकारी दिइएको थियो ।

मंगलबार तालिम समापनमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि तथा तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रका कार्यकारी अधिकृत ऋषिराम पंगेनीले लेखा प्रणाली चुस्त राख्न र प्रतिस्पर्धी बजारमा टिक्नको लागि नयाँ तालिम फलदायी हुने विश्वास व्यक्त गरे । दुबै तालिम उत्पादन र उत्पादकत्व बढाउने उदेश्यमा समर्पित रहेको बताए ।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले सबै कानून बुझेर व्यवसाय सुरु गर्छु भन्ने हैन कि सुरु भएपछि आफूलाई आवश्यक पर्ने जानकारी लिन्छु भन्नु राम्रो भएको बताए । उनले लेखा चुस्त नराख्दा भोग्नुपर्ने दण्ड-जरिवानाबाट बचाउन तालिम फलदायी हुने विश्वास लिए । प्रतिस्पर्धी बजार प्रवेशको लागि आकर्षक लेबलिङ र प्याकेजिङ पहिलो सर्त भएको उनको भनाइ थियो । पोखरा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान विजुक्छेको संचालन रहेको समापन कार्यक्रममा बोल्दै सहभागी तथा उद्यमी सुनयना पालिखेले कानूनी प्रावधानका जटिलता व्यवसायीलाई हतोत्साही बनाउने खालको रहेको टिप्पणी गरिन् । उनले प्याकेजिङ र लेबलिङले कसरी उत्पादनलाई प्रतिस्पर्धी बनाउँछ भन्ने कुरा हरेक उद्यमीले बुझ्न जरुरी रहेको पनि स्वीकारिन् ।

लेखाका अर्का प्रशिक्षार्थी लालप्रसाद ढकालले लेखा प्रणाली नबुझ्दा कमाएको सबै गुमाउने सम्भावना हुँदा लेखा प्रणालीलाई व्यवस्थित गर्न व्यवसायीहरुलाई अनुरोध गरे । प्रशिक्षार्थी दुबैले तालिम फलदायी भएको बताए ।



बकुलाको बथान : पोखरा महानगरपालिका-१० रामघाट बाट देखिएको उड्दै गरेका बकुलाको बथान । तस्वीर : राधिका कँडेल, रासस

# सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सन्तोषजनक-गण्डकी प्रदेश अर्थ सचिव अर्याल

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, २७ पुस**

गण्डकी प्रदेशका अर्थसचिव बैकुण्ठ अर्यालले सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सुधार हुँदै गएको बताएका छन् ।



जनप्रकाश उच्च मा.वि पोखरा–२९ को ६४ औं बार्षिकोत्सव तथा अभिभावक दिवशको मंगलबार उद्घाटन गर्दै, अर्थसचिव अर्यालले पछिल्लो समयमा सामुदायीक विद्यालयहरुले शैक्षिक गुणस्तरमा गरेको सुधारले विद्यार्थीहरुको आकर्षण बढ्दै गएको उल्लेख गरे । नीजि क्षेत्रको नतिजाले सामुदायीक विद्यालयहरुमा दवाव सिर्जना भएको उल्लेख गर्दै, अर्यालले समय अनुकुल शैक्षिक सुधारका कार्यक्रम राख्न आग्रह समेत गरे । गुणस्तरलाई कायम राख्दै प्रविधिको उच्चतम प्रयोगले पाठ्य सामाग्रीमा सहज भएको समेत अर्थसचिव अर्यालले स्पष्ट पारे । उनले कुनै समय सरकारी विद्यालयमा विद्यार्थीको संख्या बढाउन भर्ना अभियान लिएर जानु पर्ने बाध्यता रहेकोमा शैक्षिक गुणस्तरमा सुधार हुँदा विद्यार्थीको कोटा तोक्नु पर्ने अवस्था आएको उल्लेख गरे । उनले विद्यार्थी संख्याको आधारमा मेगा विद्यालयका रुपमा अगाडी बढाउनु पर्ने सुझाव दिदै, विपन्न बर्गका बालबालिका शिक्षाबाट बंचित हुन नपर्ने वातावरण सिर्जना गर्नु पर्नेमा समेत जोड दिए ।

विद्यालयका प्रधानाध्यापक शेखरनाथ शर्माले बार्षिक प्रगती प्रतिवेदन पेश गर्दै, साविक लेखनाथ क्षेत्रकै शैक्षिक हबका रुपमा जनप्रकाश उच्च मा.वि लाई अगाडी वढाईने उल्लेख गरे । शैक्षिक गुणस्तर सुधारका लागि बालमैत्री प्रणालीको विकास गरिएको बताए । कार्यक्रममा बार्षिक शैक्षिक कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण एवं सम्मान समेत गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम सुवेदीको अध्यक्षतमा भएको कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, विद्यालयका संस्थापक भोजराज भण्डारी, शिक्षक अभिभावक संघका अध्यक्ष कमल पुलामी, विद्यार्थी क्याथ्रीन गुरुङ्ग, शिक्षक मिनु घले लगायतले बोलेका थिए ।

कार्यक्रममा धन्यवाद ज्ञापन सहायक प्रधानाध्यापक निल बहादुर चर्मकारले गरेका थिए भने संचालन शिक्षक शालिक सुवेदीले गरेका थिए । (विद्यार्थी पत्रकार)

# ‘सभाहल शीघ्र संचालनमा ल्याउन पहल गर्नुपर्ने’

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ पुस**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले निर्माणाधीन तनहुँ सभाहल शीघ्र सञ्चालनमा ल्याउन पहल गर्नुपर्ने बताउनुभएको छ ।

व्यासनगरपालिका-३ बिपी वनवाटिका नजिक निर्माणाधीन सभाहलको मंगलबार अनुगमन गर्दै उहाँले सभाहललाई चाँडो सम्पन्न गर्न आग्रह समेत गर्नुभयो । सो सभाहलको काम ९० प्रतिशत पूरा भएको छ ।

करिब ८०० क्षमताको उक्त भवनको हाल ‘फिनिसिङ’ गर्ने भइरहेको छ । भवनबाहिर एउटा ‘क्वार्टर’ निर्माण, सभाहलसम्म पुग्ने बाटो निर्माण, प्रवेशद्वार र वाल लगाउने कार्य गरी करिब १० प्रतिशत कार्य बाँकी छ ।

विसं २०७७ असार १३ गते निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरे पनि कोभिड-१९ का कारण सरकारले लगाएको निषेधाज्ञाको समयमा निर्माण रोकिन पुगेको थियो ।

सरकार र विदेशी दाताको संयुक्त कोष गरी रु २३ करोड ६२ लाख ४३ हजार ३३१ लागतमा निर्माण गरिएको हो । उक्त भवनको निर्माणको जिम्मा डाँफे एमए प्रतिष्ठा जेभी काठमाडौंले पाएको उक्त भवन चार ढलानको छ । भवनको भुइँ ढलानमा सवारी पार्किङ, दोस्रो तलामा स्टेज, तेस्रोमा सेमिनार हल र चौथोमा अतिथिका लागि कपडा परिवर्तन गर्ने र आराम गर्ने कक्ष हुनेछन् । कोरोनाका कारण भवन निर्माण कार्य एक वर्ष ढिलाइ हुन गएको हो ।

विसं ०७८ चैत मसान्तसम्म सम्पन्न गर्ने गरी पुन : म्याद थप गरी निर्माण कार्य अघि बढाइएको सहरी विकास तथा भवन निर्माण विभाग कार्यान्वयन एकाइ कास्कीका सब-इन्जिनियर धर्मराज बास्तोलाले जानकारी दिनुभयो ।

# प्रधानमन्त्री कप क्रिकेट: एपीएफको जित

**रासस**
**काठमाडौं, २७ पुस**

प्रधानमन्त्री कप राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बल (एपिएफ) क्लबले लगातार दोस्रो जित हासिल गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको समूह ‘बी’ अन्तर्गतको खेलमा एपीएफले बागमती प्रदेशलाई ७ विकेटले पराजित गर्दै लगातार दोस्रो जित दर्ता गराएको हो । यसअघि हिजो भएको पहिलो खेलमा एपीएफले प्रदेश नं २ लाई २४ रनले पराजित गरेको थियो । यस जितसँगै एपिएफले दुई खेलबाट ४ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा रहेको छ । बागमतीले पहिलो खेलमा लुम्बिनी प्रदेशलाई ४९ रनले पराजित गरेको थियो । बागमती र प्रदेश नं २ को समान दुई/दुई अङ्क छ । बागमती अङ्क तालिकाको दोस्रो स्थानमा छ भने बागमतीले प्रदेशले दिएको १२६ रनको लक्ष्य एपीएफले १८ दशलमब ४ ओभरमा मात्र ३ विकेट गुमाए । एपीएफका लागि लोकेश बमले अर्धशतकीय इनिङ्स खेले । उनले २४ बलको सामना गदै १० चौका र एक छक्काको मद्दतमा ५० रनको योगदान दिए । यस्तै प्रदीप ऐरीले ३६ रन जोड्दै अविजित रहे । बलिङतर्फ बागमती प्रदेशका प्रतिस जिसी, रामनरेश गिरी र रिजन ढकालले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बागमती प्रदेशले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १२५ रनको योगफल तयार गरेको थियो । बागमती प्रदेशका लागि इशान पाण्डेले सर्वाधिक २९ रनको योगदान गरे भने नन्दन यादवले २४, सुवास खकुरेलले २१ तथा आदिल खान १९ रन बनाए ।

एपीएफका अविनास बोहराले सर्वाधिक ४ विकेट लिए भने कमल ऐरीले दुई विकेट हात पारे । त्यस्तै शरद् भेषवाकर र किशोर महतो एक/एक विकेट लिए ।

# होण्डा एक्सचेन्ज मेला माघ ५ सम्म

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

कुवँर ब्रदर्श एण्ड सन्स् प्रा.लि. कम्पनीले यहि पौष २८ देखि माघ ५ गतेसम्म होण्डा एक्चेन्स मेलाको अयोजना गरेको छ ।

एक्चेन्स मेलामा ग्राहक वर्गको उल्लेखनीय सहभागित रहेकाले ग्राहक वर्गको अनुरोधमा एक्चेन्स मेला राख्न लागेको कुवँर ब्रदर्श एण्ड सन्स् प्रा.लि.ले जनाएको छ । विशेष गरी ग्राजिया विएसभिआई १२५ सिसि मा ७ हजार सम्म थप मुल्याङ्कन पाउने छन् । फाइनान्स १ प्रतिशत व्याजदरमा उपलब्ध रहेको होण्डा शोरुमले जानकारी दिएका छन् ।

होण्डा ब्राण्डको बिक्री पछिको सेवा रिसेल भ्यालु, गुणस्तरीय स्पेयर्स पार्टस, मोवाईल सर्भिस जस्ता सुविधा समेत रहेको कुँवर ब्रदर्श एण्ड सन्सले जनाएको छ ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सर्म्पक:**

**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।**



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# भारतीय हेपाह प्रवृत्तिको विरोध गर

कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालका अभिन्न भूभाग हुन् । केपी शर्मा ओली सरकारले गत वर्ष नै राजनीतिक-प्रशासनिक नक्सा प्रकाशित गरिसकेको छ । संसदबाट सर्वसम्मतिले संविधान संशोधनमार्फत नेपालले यसबारे आफ्नो कानुनी एवं राजनीतिक अडान स्पष्ट पारिसकेको छ।, चुच्चे नक्साको रुपमा चिन्ने गरिएको छ।, नक्सा प्रकाशित पछि भूभागहरु फिर्ता गराउन र तिनमा नेपालको भोगचलन सुनिश्चित गर्न नेपाल सरकारले विगतमा कूटनीतिक पहल सुरु गरेको हो।नक्सा प्रकाशित पछि राजनीतिक फेरब दल आएको चर्चामा आउने गरेको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डको हल्द्वानीमा केही दिनअघि आयोजित एक कार्यक्रममा लिपुलेक क्षेत्रमा ग्रामीण सडक विस्तारको काम जारी रहेको बताएका थिए । चीनको स्वशासित क्षेत्र तिब्बतको मानसरोवर जोड्ने लिपुलेक सडक निर्माण गर्न नसकेकोमा कांग्रेस आई नेतृत्वको पूर्ववर्ती सरकारको आलोचना समेत गरेका थिए। भारतीय प्रधानमन्त्री र रक्षामन्त्रीका अभिब्यक्ति संगसँगैका गतिविधिले 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाभिमानमाथि आँच पुयाउने काम भएका छनभारतीय सरकारका यस्ता गतिविधि तत्काल बन्द हुनुपर्छ, । नेपालमा यस्को जनस्तरबाट विरोध भएको छ। प्रमुख विपक्षी नेकपा एमालेले विरोध जनाएको छ।

जनस्तरमा र विपक्षी दलले भारतीय सरकारको गतिविधि र प्रधानमन्त्री मोदीको भनाइको विरोध गर्दा गठबन्धन सरकार नबोल्नु विडम्बना हो । एमालेले विज्ञप्ति निकालेर आपत्ति जनाएको छ । एमालेले सडकलगायत संरचना निर्माण रोकिनुपर्ने वार्ताको माध्यमबाट यस विषयलाई अविलम्ब टुङ्ग्याइनुपर्छ', भनेकोछ, '। वार्ताबाट समा(धान नखोजिँदासम्म राज्यस्तरबाट कुनै पनि संरचना बनाउनुहुन्न भन्ने नेकपा (एमाले) को अविचलित मान्यता छ ।' विज्ञप्तिमा भनेका छ । राष्ट्रियतासँग सम्बन्धित विषयमा वर्तमान सरकारको सन्देहास्पद मौनताले अनेकौं प्रश्न जन्माएको एमालेले जनाएको पनि एमालेले भनेको छ। 'हाम्रो पार्टी यस विषयमा भारतसँग अविलम्ब गम्भीर संवाद गर्न, सबैखाले बलमिच्याइँ रोक्न लगाउन र नेपाली भूभागमा नेपालको व्यवहारिक स्वामित्व स्थापनाका लागि सार्थक पहल गर्न सरकारसँग माग गरेको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तराखण्डको हल्द्वानीमा केही दिनअघि आयोजित एक कार्यक्रममा लिपुलेक क्षेत्रमा ग्रामीण सडक विस्तार जारी रहेको बताएपछि नेपालमा त्यसको विरोध भइरहँदा मोदीको अभिव्यक्तिबारे कांग्रेस नेतृत्वको गठबन्धन सरकार अहिलेसम्म मौन देखिदा भारतले हेप्ने गरेको हो। भारतीय रक्षामन्त्री राजनाथ सिंहले सन् २०२० मे महिनामा उत्तराखण्डको पिथौरगढदेखि लिपुलेक जोड्ने सडक निर्माणको शिलान्यास गरेका थिए । त्यसपछि तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले नेपाल, भारत र चीनको त्रिदेशीय सीम(ाक्षेत्रमा पर्ने लिपुलेकमा सडक पूर्वाधार निर्माण नगर्न भारतलाई पत्र लेखेर आपत्ति जनाएको थियो । त्यसका बाबजुत पनि भारतले अझै पनि लिपुलेकमा सडक निर्माण जारी राखेको छ। नेपालको विरोधपछि भारतीय गृहमन्त्री सिंहले नेपालको मन दुखाउने नियत नरहेको प्रष्टिकरण दिएका थिए।

लिपुलेक त्यही क्षेत्र हो जहाँ सन् २०१५ मा भारतीय प्रधानमन्त्री मोदीको चीन भ्रमणमा लिपुलेकलाई ब्यापारिक रुट बनाउने सहमति भारत र चीनबीच भएको थियो। उक्त सहमति पछि तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले भारत र चीन सरकारलाई पत्र लेखेर कडा आपत्ति जनाएको थियो। चीनले उक्त ब्यापारिक रुटबारे नेपालको चासो सम्बोधन गर्ने आश्वासन दिए पनि भारत त्यसमा मौन रह्यो। नेपाल र ब्रिटिस इन्डिया कम्पनीबीच सन् १८१६ मा सम्पन्न सुगौली सन्धिको धारा ५, त्यस समयमा प्रकाशित नक्साहरू र ऐतिहासिक तथ्य एवम् प्रमाण अनुसार काली (महाकाली) नदी र त्यसपूर्वका लिम्पियाधुरा, कुटी, नाबी, गुन्जी, कालापानी र लिपुलेक लगायतका क्षेत्र नेपाली भूमि हुन्। तर यी क्षेत्र र गाउँ दशकौंदेखि भारतीय कब्जामा छन्। राणाका(लमा कुटी, नाबी, गुन्जी, छाडरु र तिङ्कर पाँचै गाउँको सिर्दो (मालपोत) उठाउने भनी नेपाल सरकारबाट त्यहाँका जिम्मावाललाई दिएको सनद पत्र सरकारले अध्ययनका क्रममा गतवर्ष जम्मा पारेको थियो।सरकार फेरिएपछि भारतले फेरि त्यही हेपाह प्रबृत्ति देखाएको छ। यस्को हरेक देशभक्त सचेत नागरिकले विरोध गर्नुपर्छ। सरकार र राजनीतिक दललाई पनि खबरदारी गरिरहनुपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# म्याग्दीमा तत्काल विद्यालय बन्द नगर्ने निर्णय

**पोखरापत्र संवाददाता**
**बेनी, २७ पुस**

कोरोना सङ्क्रमणलाई रोकथाम र नियन्त्रण गर्ने प्रयोजनका लागि म्याग्दीमा तत्काल शैक्षिक संस्था बन्द नहुने भएका छन्।

कोरोनाको सङ्क्रमणदर बढ्न थालेपछि सीसीएमसीसीको सिफारिसमा शिक्षा मन्त्रालयले माघ १५ गतेसम्मका लागि देशभरका विद्यालय बन्द गराउने निर्णय गरेको थियो । आज सदरमुकाम बेनीमा बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कारोना रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सुरक्षा सावधानीलाई कडाइका साथ लागू गर्ने तर तत्काल जिल्लामा शैक्षिक संस्था बन्द नगर्ने निर्णय गरेको हो।

मन्त्रालयले वार्षिक बिदामा समायोजन हुने गरी शैक्षिक संस्था बन्द गर्न भने पनि जिल्लामा रहेका स्थानीय तहका जनप्रतिनिधि र जिल्लास्थित सरोकारवालाको सल्लाहबमोजिम जिल्लामा कोभिडको सङ्क्रमण भयावह र डरलाग्दो अवस्थामा नपुगेकाले तत्काल विद्यालय बन्द नगर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी रानाले बताउनुभयो । सीसीएमसीका संयोजकसमेत रहनुभएका प्रजिअ रानाले स्मार्ट लकडाउनलाई कार्यान्वयन गर्ने र सोही कार्यविधिबमोजिम कोरोना सङ्क्रमणको अवस्था हेरेर बन्द तथा लकडाउनको निर्णय गरिने जानकारी दिनुभयो । बैठकले स्वास्थ्य सुरक्षाका मापदण्डलाई कडाइका साथ कार्यान्वयन गर्ने, खोप अभियानलाई व्यापक बनाउने, स्वास्थ्य पूर्वाधार र सामग्रीसँगै जनशक्तिलाई तयारी अवस्थामा राख्ने निर्णय गरेको छ। जिल्लाव्यापी रूपमा कोरोना सङ्क्रमणबाट बच्च र बचाउन तपाईंको मास्क खोइ ? अभियान चलाउने, सञ्चार माध्ययममार्फत प्रचारप्रसार गर्ने, सामाजिक र भौतिक दूरी कायम गर्न लगाउने, २५ जनाभन्दा बढी मानिस जम्मा भएर कुनै पनि सार्वजनिक कार्यक्रम, मेला, महोत्सव तथा भेला नगर्ने र गर्न रोक लगाउने निर्णय गरिएको छ । स्मार्ट लकडाउन, २०७८ मा भएको सूचकअनुसार जोखिम मूल्याङ्कन र लकडाउनको तह विश्लेषण गरी स्थानीय तहले कार्यान्वयन गर्ने र सीसीएमसीलाई नियमितरूपमा जानकारी गराउने निर्णय भएको छ। म्याग्दीमा आजसम्म ११ कोरोनाका सक्रिय सङ्क्रमित रहेका छन्।

# 'लकडाउन होइन स्मार्ट लकडाउन हुनसक्छ'

**रासस**
**काठमाडौं, २७ पुस**

सरकारले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि आगामी माघ १५ गतेसम्म विद्यालय बन्द गर्न निर्देशन दिएको छ। साथै २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी तथा सबै सार्वजनिक कार्यक्रमहरू बन्द गराएको छ।

सम्भावित कोरोना भाइरसको तेस्रो लहरलाई मध्यनजर गर्दै यही पुस २६ गतेबाट गृहमन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूमार्फत् सङ्क्रमणको रोकथाम र नियन्त्रणका लागि ८ बुँदे आदेश जारी गरेको छ।

सङ्क्रमण बढ्दै गएको अवस्थामा सरकारले गरेका पछिल्ला निर्णयले फेरि पनि बन्दाबन्दी (लकडाउन) हुने हो कि भन्ने चिन्ता आम सर्वसाधारणमा देखिन थालेको छ । सङ्क्रमणको पहिलो र दोस्रो लहरमा बन्दाबन्दी भोग्नु परेका नेपालीहरूमा फेरि त्यस्तो अवस्था आउने त होइन भन्ने चिन्ता छाएको देखिएको हो।

पुस २३ गते १४ हजार ९७१ जनामा परीक्षण गरेकामध्ये २६२ कोरोना भाइरसका सङ्क्रमित रहेकोमा पुस २६ गते हिजो ११ हजार ४२९ परीक्षण गरेकामध्ये एक हजार ४४६ सङ्क्रमति देखिएका छन् । साथै नेपालमा हाल सात हजार ८५५ सक्रिय सङ्क्रमति पुगेका छन् । यसरी अहिले दैनिक सङ्क्रमित हुनेको सङ्ख्या बढिरहेको छ। सङ्क्रमण दर पनि वृद्धि भएको छ। पुस १९ गते कूल परीक्षणमध्ये २.६ प्रतिशतमा रहेको सङ्क्रमण हिजो पुस २६ गते कूल परीक्षण गरेकोमध्ये १२.७ प्रतिशतमा सङ्क्रमण पुगेको छ । यस्तै पुस २५ गते कूल परीक्षण गरेकोमध्ये ९.२ प्रतिशतमा सङ्क्रमण दर रहेको थियो।

यसैगरी पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.५ प्रतिशत, पुस २४ गते ७.१ प्रतिशत कूल सङ्क्रमण दर रहेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्क्रमणकै कारणले अहिलेसम्म नै बन्दाबन्दी (लकडाउन)को अवस्थामा पुगिहाल्ने कुनै निर्णय गरेको छैन। मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले अहिलेको अवस्थामा बन्दाबन्दी गरिहाल्ने सोच मन्त्रालयको नभएको बताउनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २० भलाममा मिसिनेरी वाल निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : सिम्लेस्वाँरा बस्ती संरक्षण भलाम-२० सिम्लेस्वाँरामा मिसिनेरी वाल निर्माण**

**योजना सम्झौता मिति : २०७८/०७/२६ गते**

**योजना सुरु मिति: २०७८/०७/२८ गते**

**योजना सम्पन्न मिति : २०७८/०९/१९ गते**

**योजनाको कुल लागत : रु. ५,८८,२३५।-**

**महानगरपालिकाबाट प्राप्त रकम : रु. ५,००,०००।-**

**जन सहभागितावाट : रु.८८,२३५।-**

**उपभोक्ता समिति:**

**नारायण गौतम खत्री - अध्यक्ष**

**जगदिश काफ्ले - सचिव**

**विष्णु के.सी. - कोषाध्यक्ष**

**सिम्लेस्वाँरा बस्ती संरक्षण उपभोक्ता समिति**
**पोखरा-२०, भलाम**

# दोस्रो ऋषिङ अल्ट्रा म्याराथनको उपाधि तामाङलाई

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ पुस**

तनहुँको ऋषिङ गाउँपालिकाले आज आयोजना गरेको दोस्रो ऋषिङ अल्ट्रा म्याराथनको उपाधि तीर्थराज तामाङले जित्नुभएको छ । ४२ किमी दूरीको म्याराथन दुई घण्टा ५१ मिनेट २५ सेकेन्डमा पार गर्दै त्रिभुवन आर्मी क्लबका तामाङले म्याराथनको उपाधि जित्नुभएको हो । प्रतियोगितामा देवराज महतारा द्वितीय हुनुभएको छ । उहाँले उक्त दूरी दुई घण्टा ५४ मिनेट २५ सेकेन्डमा पूरा गर्नुभयो । प्रतियोगितामा सोलुखुम्बुका सुमन कुलुङ राई तृतीय हुनुभएको छ । उहाँले उक्त दूरी तीन घण्टा पाँच मिनेट ४६ सेकेन्डमा पार गर्नुभयो । सान्त्वना हुनुभएका तेह्रथुमका प्रताप खड्काले उक्त दूरी तीन घन्टा १० मिनेट ४५ सेकेन्डमा पार गर्नुभयो । खुल्लातर्फको म्याराथनमा ४९ धावकको सहभागिता थियो।

धारुङ भञ्ज्याङबाट सुरु हुने दौड रानीपोखरी गाउँपालिकाको कार्यालय, अर्खलाछाप, काफलडाँडा, पुरानो ऋषिङ, पोखरीभञ्ज्याङ, गोठादी, ढुङ्गाडे, चालिसे, भिरकोट, अर्चल्दी, मौरीबास, दाडसिरी, दुवुङकोट पुगेर टुङ्गिएको थियो।

खुल्लातर्फ प्रथम हुनेलाई रु ६५ हजार, द्वितीय हुनेलाई रु ४० हजार, तृतीय हुनेलाई रु २५ हजार र सान्त्वना हुनेलाई रु १० हजार प्रदान गरिएको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो।

महिलातर्फको चार किमी दौडमा सीता रानाभाट प्रथम, यमुना थापा द्वितीय, सुस्मिता रानाभाट तृतीय र विष्णु परियार सान्त्वना हुनुभएको छ । महिलातर्फ प्रथम हुनेलाई रु १० हजार, द्वितीय हुनेलाई रु आठ हजार, तृतीय हुनेलाई रु पाँच हजार र सान्त्वना हुने एक जनालाई रु दुई हजार पुरस्कार प्रदान गरिएको छ । गत वर्ष आयोजित प्रथम ऋषिङ म्याराथनको उपाधि जुम्लाका राजन रोकायाले जित्नुभएको थियो । प्रतियोगितामा डोटीका नवराज साउद द्वितीय, सोलुखुम्बुका सुमन कुलुङ राई तृतीय र कालीकोटका देवराज महतारा चौथो हुनुभएको थियो।

# एमाले लमजुङको अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ पुस**

लमजुङ-नेकपा (एमाले) लमजुङको अध्यक्षमा कृष्णप्राद अधिकारी निर्विरोध निर्वाचित हुनुभएको छ।

एमालेको एमालेको आठौं जिल्ला अधिवेशनबाट अध्यक्षमा अधिकारी निर्विरोध निर्वाचित हुनुभएको हो। त्यस्तै उपाध्यक्षमा यशोदा रिमाल, सचिवमा सुभाष पौडेल सर्वसम्मतरूपमानिर्वाचितहुनुभएको छ । त्यस्तै उपसचिवमा भने चार जनाबीच प्रतिस्पर्धा भएपछि सोमबार मतदान गर्दा जनकराज मिश्र र जीतबहादुर गुरुङ निर्वाचित हुनभएको छ।

अध्यक्ष, उपाध्यक्ष, सचिवबाहेकका अन्य पद उपसचिव, भूगोलतर्फका सदस्य, खुला सदस्य र सुन्दरबजार पालिका भूगोल सदस्य पदका लागि निर्वाचन भएको थियो।

नवनिर्वाचित अध्यक्ष अधिकारीको नेतृतवमा ९५ सदस्यीय सदस्य कमिटी बनेको छ । निर्वाचित सबै पदाधिकारी तथा सदस्यले सोमबार राति नै शपथग्रहण गरेका छन्।

# चितुवाको त्रास बढ्यो

**पोखरापत्र संवाददाता**
**दमौली, २७ पुस**

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ बरादी डुम्रिडाँडामा चितुवाको त्रास बढेको छ।

रातिको समयमा घरआँगनमै चितुवा आएर घरपालुवा बस्तुभाउ मार्न थालेपछि स्थानीयवासी त्रस्त भएका हुन्।

चितुवाले स्थानीय शम्शेर परियारको गोठमा बाँधिराखेको बाख्रा मारेको छ । घरसँगै रहेको गोठमा आएर चितुवाले आक्रमण गरेपछि स्थानीयवासी त्रस्त भएको नवराज मिश्रले जानकारी दिनुभयो । "राति-राति चितुवा घरआँगनमै आउन थालेपछि त्रास बढेको छ," उहाँले भन्नुभयो, "रातिको समयमा घर बाहिर निस्कने अवस्था नै छैन।"बन्दीपुर गाउँपालिका-५ याम्पाफाँटमा पनि स्थानीयवासी सीता भट्टराईले पालेको गाईको बाच्छी चितुवाले मारेको छ । चितुवाको त्रासले रातको समयमा एक्लै घर बाहिर निस्कने डर हुने गरेको स्थानीयवासी बताउछन् । आहाराको खोजीमा चितुवा घर आँगनमा आउने गरेको छ । जिल्लाका विभिन्न ठाउँमा विगत केही वर्षदेखि चितुवाको त्रास हुँदै आएको छ। आँबुखैरेनी, भानु, बन्दीपुरलगायत क्षेत्रमा चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु हुनाका साथै केही घाइते भएका थिए। वन क्षेत्रमा झाडी बढ्दै गएकाले चितुवाको बासस्थान पनि बढेको र अहिले चितुवाको प्रजननको समय भएकाले यसले मानिस र अन्य जनावरमाथि आक्रमण गर्न सक्ने जनाउँदै डिभिजन वन कार्यालयले चितुवाको आक्रमणबाट सचेत र सतर्क रहन आग्रह गरेको छ।

जङ्गल फँडानी गरेर बस्ती बसाल्ने र जङ्गली जनावर मारेर खाइदिने गरेकाले मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको छ। डिभिजन वन प्रमुख कोमलराज काफ्लेले भन्नुभयो,"चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सके यसबाट बच्न सकिन्छ।"

वनजङ्गलमा पाइने जीवजन्तु मानिसले सिकार गरेर खाइदिने गरेका कारण पनि चितुवाले बस्तीमा आएर मानिसलाई आक्रमण गर्न थालेको छ । चितुवाको प्राकृतिक खाना भनेको जीवजन्तु नै भए पनि त्यस्ता जीवजन्तु मानिसले खाइदिने गरेका कारण चितुवाको सिकार मानिस हुनथालेको उहाँले बताउनुभयो । कार्यालयले चितुवाबाट बच्नका लागि घरगोठ उज्यालो बनाउन, र गोठ बलियो निर्माण गर्न सुझाउँदै आएको छ।

विसं २०७४ फागुन १ गते पहिलोपटक तनहुँमा भानु नगरपालिका-३ दोरदोरका ६ वर्षीय विशाल श्रेष्ठको चितुवाको आक्रमणबाट मृत्यु भएको थियो। त्यसयता चितुवाको आक्रमणबाट जिल्लाका विभिन्न ठाउँमा एघार जना बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणमा पर्ने बालबालिका १२ वर्ष उमेरसम्मका छन्।

## वातावरणीय प्रभाव मूल्याङ्कनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३२, स्यालटहरो तथा मालेपाटनमा श्री गण्डकी विश्वविद्यालयद्धारा प्रस्तावित विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि प्रस्ताव गरिएको छ। उक्त विश्वविद्यालयको भौतिक संरचना निर्माण तथा शैक्षिक क्रियाकलाप संचालनको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी सार्वजनिक सुनुवाई कार्याक्रम निम्न स्थान तथा समयमा सरोकारवालाहरुको उपस्थितिमा हुन गइरहेको हुदाँ उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।**

| | |
|---|---|
| स्थान | पोखरा महानगरपालिका वडा नं. ३२ कार्यालय प्राङ्गण |
| मिति | २०७८/१०/03 गते सोमबार |
| समय | बिहान ८:३० बजे |

**आयोजक**
**गण्डकी विश्वविद्यालय**
**पोखरा महानगरपालिका-07, मुस्ताङचोक, कास्की**

# लमजुङको सुपरदोर्दी 'ख' आयोजनाको ब्रेक थ्रु

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ पुस**

पहाडी जिल्ला लमजुङमा निर्माणाधीन सुपरदोर्दी 'ख' जलविद्युत् आयोजनाको मुख्य सुरुङ (ब्रेक थ्रु) छेडिएको छ। दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माणाधीन ५४ मेगावाट क्षमताको यस आयोजनाले पाँच दशमलव एक किलोमिटरको मुख्य सुरुङको ब्रेक थ्रु गरेको हो।

पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गर्दै आएको यस आयोजनाको मुख्य सुरुङ भूकम्प, नाकाबन्दी, लकडाउनलगायत प्रभावका बाबजुद ब्रेक थ्रु गर्न सफल भएको हो। केही दिनअघि आयोजनाको मुख्य सुरुङको सफलतापूर्वक ब्रेक थ्रु गरेसँगै यतिबेला त्यहाँ ढलानकार्य भइरहेको कम्पनीका प्रबन्ध निर्देशक केशवबहादुर रायमाझीले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सुरुङ छेड्ने काम पूरा गरेका छौँ, यो ठूलो उपलब्धि हो, अब ढलानकार्य अघि बढिसकेकाले आगामी चार महिनाभित्रमा ढलानसमेत सम्पन्न गर्ने लक्ष्य छ।" यस आयोजनाले आगामी सात-आठ महिनाभित्रै बिजुली उत्पादन गर्ने आयोजनाका प्रबन्ध निर्देशक रायमाझीको भनाइ छ। उहाँका अनुसार यस आयोजनाको निर्माण हालसम्म ८५ प्रतिशत सम्पन्न भएको छ।

आयोजनाको विद्युत्गृहको सिभिल संरचनाको निर्माण भई उपकरण जडान भइरहेको आयोजनाले जनाएको छ। त्यस्तै गत असारमा दोर्दीखोलामा आएको बाढीपहिराले क्षति पुर्‍याएको आयोजनाको बाँधस्थल क्षेत्रको पुनःनिर्माण भइरहेको छ। एक हजार १०० मिटर पेनस्टक पाइप जडान भइरहेको छ। आयोजनाका प्रबन्ध निर्देशक रायमाझीले भन्नुभयो, "हामीले सबै निर्माण सम्पन्न गर्दै यही पुसभित्रमा बिजुली उत्पादन गर्ने भने पनि विविध कारणले आगामी असारभित्रमा बिजुली उत्पादन गर्ने कार्यतालिका छ।

कूल रु आठ अर्ब ८० करोडको लगानी रहेको आयोजनाको २२७ मिटर ठाडो पाइप (भर्टिकल साफ्ट) खन्ने काम सकिएको छ। इलेक्ट्रोमेकानिकल, टनेल र पावरहाउसभित्र भवन बनाउने काम भइरहेको छ। आयोजनाको विसं २०७५ भित्रै व्यावसायिक उत्पादन मिति रहेकामा विसं २०७१ मा विद्युत् खरिद सम्झौता (पिपिए) गरी विसं २०७२ असोज महिनाबाट निर्माण थालनी भएको थियो। आयोजनामा सबै गरेर ५०० कर्मचारी छन्। विसं २०७५ मा निर्माण सम्पन्न नभएपछि निर्माणअवधि थप गर्दै विसं २०७७ असारसम्मको सम्झौता गरेको थियो। सो अवधिमा समेत निर्माणमा ढिलाइ भएपछि गत विसं २०७८ असारसम्म निर्माण सक्ने सम्झौता रहेको थियो। सो समयमा पनि निर्माण नसकिएपछि यही पुस महिनाभित्र बिजुली उत्पादन गर्ने आयोजनाले जनाएको थियो।

उहाँका अनुसार आयोजनामा सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका छन्। ७० प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धन लगानीमा निर्माण हुँदै आएको छ। आयोजनामा प्रभावित क्षेत्रका जिल्लावासीको मात्र रु २७ करोड लगानी छ।

आयोजनाले सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र बर्खायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने (पिपिए) सम्झौता भएको छ। पानीको बहावमा आधारित यो आयोजनाको कुल ग्रसहेड ६४० मिटर रहने छ भने वार्षिक करिब ३१ करोड ५० लाख युनिट विद्युत् उत्पादन हुने आयोजनाले जनाएको छ।

# एमाले पर्वतका अध्यक्षमा पौडेल

**पोखरापत्र संवाददाता**
**पर्वत, २७ पुस**

नेकपा (एमाले) पर्वतका अध्यक्षमा राजु पौडेल सर्वसम्मत निर्वाचित हुनुभएको छ।

एमालेका प्रदेश कमिटी सदस्य तथा महाशिला गाउँपालिकाका अध्यक्षसमेत रहनुभएका उहाँलाई अध्यक्ष मण्डलले सर्वसम्मत रूपमा जिल्ला अध्यक्षका रूपमा घोषणा गरेको हो। महाशिला गाउँपालिका-५ निवासी उहाँ यसअघि आठौँ जिल्ला अधिवेशनमा अहिलेका केन्द्रीय सदस्य पदम गिरीसँग झिनो मतले पराजित हुनुभएको थियो। त्यसअघि उहाँ एमाले जिल्ला उपाध्यक्षलगायत विभिन्न पदमा बसेर काम गर्नुभएको थियो। त्यसैगरी उपाध्यक्षमा फलेवास नगरपालिकाका नगरप्रमुख पदमपाणि शर्मा, सचिवमा गोविन्द पहाडी, सहसचिवमा शिव पौडेल र विमल लामिछाने निर्विरोध निर्वाचित हुनुभएको छ। नवौँ जिल्ला अधिवेशनवाट ९० जनाको जिल्ला कमिटी नै सर्वसम्मत रूपमा चयन गरिएको अध्यक्ष मण्डलका संयोजक कल्पना चापागाइँले जानकारी दिनुभयो।

जिल्लाका सातवटै स्थानीय तहबाट मिलाएर सदस्यहरू छनोट गरिएको बताइएको छ। नवनिर्वाचित कार्यसमितिलाई आजै पद तथा गोपनीयताको शपथ खुवाइएको छ। अधिवेशन यही पुस २३ गतेदेखि सुरु भएको थियो।

# असिनाले बाली नष्ट गरेपछि कृषक चिन्तित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ पुस**

असिनाले हिउँदेबाली नष्ट गरेपछि कृषक चिन्तित भएका छन्। बेनी नगरपालिका-३ मरेक, मुसुङ, छेपारे, डोले, बालम, मङ्गला गाउँपालिका-३, भाँक्रेपानी र ४ धापुङमा सोमबार साँझ असिना परेको थियो।

वर्षात्सहितको बेमौसमी असिनाले हिउँदेबाली र सुन्तला फलफूल खेतीमा क्षति गरेको मरेकका कृषक इन्द्रबहादुर थापाले बताउनुभयो। हिउँदे आलु, गहुँ र जौँको बोट ढलाएर, पात चुटेर छियाछिया बनाएको छ। बोट लडाएको कृषक थापाले बताउनुभयो।

यसैगरी सिजनको अन्तिममा बिक्री गर्न बोटमै राखेको सुन्तलाको दाना पनि असिनाले झारिदिएको छ। अधिकांश बगैँचाको सुन्तला निकासी भए पनि केही मात्रामा सुन्तला टिपेर बजार पठाउन बाँकी थियो।

हिउँ पर्नुको साटो बेमौसममा असिना परेकामा कृषकले अनौठो मानेका छन्। क्षतिको विवरण सङ्कलन र राहतको व्यवस्थाका लागि स्थानीय तह र कृषि ज्ञान केन्द्रसँग माग गरेका छन्।

# 'अख्तियार एक्लैले भ्रष्टाचार रोक्न सक्दैन'

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ पुस**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोरकुमार सिलवालले आयोग एक्लैले भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने बताउनुभएको छ। भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धमा आज यहाँ आयोजित अन्तरक्रियामा उहाँले सरोकार भएका सबै पक्षको समन्वय र सहकार्यमा मात्र भ्रष्टाचार न्यूनीकरण भएर जाने उल्लेख गर्नुभयो। "अख्तियार मात्रैको जिम्मामा छाडिदिएर भ्रष्टाचार रोकिन्न, यसमा राज्यका निकाय, सङ्घसंस्था, नागरिक समाज, सञ्चारजगत्लगायतको समन्वयकारी भूमिका चाहिन्छ", उहाँले भन्नुभयो, "भ्रष्टाचार निवारणमा को ठूलो को सानो भन्ने हुँदैन सबै निकायले आआफ्नो ढङ्गले काम गर्नुपर्छ।"

भ्रष्टाचार पनि सानो/ठूलो नहुने भन्दै आयुक्त सिलवालले सबै घटनामा आयोगले समान व्यवहार गर्ने बताउनुभयो। उहाँले भ्रष्टाचारको मूल नरोकिएसम्म तलको समस्या हल नहुने भन्दै जत्रोसुकै ओहदा र शक्तिमा भएको व्यक्ति भए पनि भ्रष्टाचारमा कसुर ठहरिए कारबाही गरेरै छाडिने प्रतिबद्धता जनाउनुभयो। उहाँले आयोगका पदाधिकारीले कुनै राजनीतिक विचारसँग ओतप्रोत भएर घटनाको अनुसन्धान नगर्ने स्पष्ट पार्नुभयो। आयोगकोपोखराकार्यालयकाप्रमुख कोशहरि निरौलाले भ्रष्टाचार नियन्त्रणको पहिलो जिम्मेवार व्यक्ति सार्वजनिक निकायको प्रमुख भएको धारणा राख्नुभयो। उहाँले भ्रष्टाचार विरुद्ध आयोगले प्रवर्द्धनात्मक, निरोधात्मक, उपचारात्मक र संस्थागत सुदृढीकरणको रणनीति अपनाएको बताउनुभयो। कार्यालय प्रमुख निरौलाले पछिल्लो समय स्थानीय तहका विरुद्ध धेरै उजुरी पर्ने गरेको बताउनुभयो। "सार्वजनिक जग्गा अतिक्रमण, सम्पत्ति हिनामिना, आर्थिक अनियमितता जस्ता विषयमा उजुरी बढी छन्", उहाँले भन्नुभयो। खुलेआम सडक, वन, गुठी क्षेत्रको जग्गामा अनधिकृत संरचना बन्ने गरे पनि तिनलाई हटाउन सम्बन्धित निकायले अनदेखा गरेर बसेको उहाँको भनाइ छ। "कानूनविपरीत हुने काममा कारबाही गर्ने अधिकार छ, तर पनि हामी कानमा तेल हालेर बसेका छौँ", कार्यालय प्रमुख निरौलाले भन्नुभयो। कार्यालयको आँकडाअनुसार बागलुङबाट आयोगको पोखरा कार्यालयमा गत र यो आवमा गरी ५६ उजुरी परेका थिए। तीमध्ये १७ मुद्दा फछ्र्योट भएका छन् भने ३९ अनुसन्धानका क्रममा छन्। गण्डकीमा सबैभन्दा बढी २५२ उजुरी कास्कीका छन्। अन्तरक्रियाका सहभागीले २०औँ वर्ष बित्दासमेत कालोपत्र हुन नसकेको मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे खण्डबारे प्रश्न उठाएका थिए। सार्वजनिक निर्माणका क्षेत्रमा भइरहेको लापरबाही र अनियमितताका विषयमा आयोगले छानबिन गर्नुपर्ने उनीहरूको माग थियो।

उजुरी परेमा मात्रै अनुसन्धान नगरी भ्रष्टाचार हुने सम्भावित क्षेत्रमा पनि आयोगले निगरानी बढाउनुपर्ने सुझाव सहभागीले राखेका थिए। अन्तरक्रियामा स्थानीय तहका प्रमुख, सरकारी कार्यालय र सङ्घसंस्थाका प्रतिनिधि सहभागी थिए।

# प्रगतीशील टोलको अध्यक्षमा पुनः खड्का चयन

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, २७ पुस**



पोखरा महानगरपालिका वडा नम्बर २२ स्थित चिसापानीको प्रगतीशील टोल विकास संस्थाको हालै सम्पन्न भएको पाचौं सधारणसभा तथा तेश्रो अधिवेशनले पुनः नर बहादुर खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

त्यसै गरी संस्थाको उपाध्यक्षमा शारदा खत्री, सचिवमा हेमराज बराल, कोषाध्यक्षमा डम्बर बहादुर पौडेल, सहसचिबमा नारायण बहादुर खड्का रहेका छन्। त्यस्तै अन्य सदस्यहरुमा धनुमाया बराल, शर्मिला पराजुली लगायतका रहेका छन्। यसअघि पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले कार्यक्रमको उद्घाटन गर्दै हरेक टोलले आफ्नो टोल क्षेत्रमा हाल तेश्रो लहरको कोरोना शंक्रमणलाई रोकथाम र नियन्त्रण गर्न समयमै जागरुक हुन आग्रह गरे। संस्थाका अध्यक्ष नरबहादुर खड्काको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा वडा सदस्य मात्रिका प्रसाद बराल, दुर्गा बहादुर बराल, राम प्रसाद पौडेल, नेपाली कागेंसका होम प्रसाद बराल, नेमालेका राजेन्द्र प्रसाद बराल, माओबादी केन्द्रका मिनराज बराल, नेकपा एकिकृत समाजबादीका जगन्नाथ बास्तोलाको सहभागिता रहेको हेमराज बरालले जनाए।

# विभिन्न मुद्दाका १९ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
**दमौली, २७ पुस**

जिल्ला प्रहरी कार्यालय तनहुँले विभिन्न मुद्दाका १९ फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

पुस १ गतेदेखि २५ गतेसम्म प्रहरीले विभिन्न मुद्दामा अदालतबाट सजाय तोकिएका १९ फरार प्रतिवादी पक्राउ गरेको हो। सार्वजनिक अपराध मुद्दामा फरार रहेका नौ, लुटपाट मुद्दामा फरार रहेका दुई, गाली बेइज्जती मुद्दामा फरार रहेका दुई, दुनियावादी फौजदारी मुद्दामा फरार रहेका एक, सम्बन्धविच्छेद मुद्दामा फरार रहेका एक, विष्फोटक पदार्थ मुद्दामा फरार रहेका एक, चोरी मुद्दामा फरार रहेका एक, अंशवण्डा मुद्दामा फरार रहेका एक, सवारी ज्यान मुद्दामा फरार रहेका एक प्रतिवादीलाई पक्राउ गरिएको प्रहरी निरीक्षक शिवराज क्षेत्रीले जानकारी दिनुभयो। पक्राउ परेका प्रतिवादीबाट दुई महिना तीन दिन कैद र रु ५५ हजार ५०१ जरीवाना असुल गर्न बाँकी रहेको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि अदालत उपस्थित गराइएको प्रहरीले जनाएको छ। प्रहरीले विभिन्न अपराधमा सजाय पाएर फरार रहेका प्रतिवादीको पक्राउ अभियान तीव्र पारेको छ।


**Phedikhola Rural Municipality**
**Office of Rural Municipal**
**Executive Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Re-invitation for Sealed Quotation

**Second date of Publication: 12th January, 2022**

1. Phedikhola Rural Municipality, Syangja has allocated funds towards the cost for Construction of Staute of Bear and other infrastructures at Bhalupahad of Phedikhola Rural Municipality Ward No. 3 and intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-W-SQ-32-078-79. The estimated cost of the work is NRs. 1,489,019.86 (IncludingOverhead and VAT). Sealed quotation is open to Manufacturer or (Handicraft/Murtikar) industries or construction companies involved in construction of statue of animal or man or any attractive structures.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja reinvites sealed and or electronic Quotation from eligible bidders for the Construction of Staute of Bear and other infrastructures at Bhalupahad of Phedikhola Rural Municipality Ward No. 3 under Sealed Quotation (SQ) procedures specified in public procurement act and regulations.
   Only eligible bidders with the following key qualifications should participate in this bidding Process:
   Minimum Work experience of similar size and nature: Successfully completion of 1 statue of within the last Ten years.
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation (SQ) documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate upon payment of a non-refundable fee of NRs. 1000.00 during office hour of 26January, 2022.
   OR
   A complete set of Sealed Quotation (SQ) documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of Sealed Quotation (SQ) documents (Non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of Sealed Quotation (SQ) documents in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata; (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic Quotation documentsmust be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjaby handor through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00hrs on 27-January-2022. Sealed Quotation received after this deadline will be rejected.
6. The Sealed Quotation (SQ) will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 hrs on 27-January-2022 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security in case of hard copy submission or scanned copy of bid security (in pdf format) in case of e-bid,amounting to a minimum of NRs.38,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. In case of cash deposit, the amount should be deposited on Dharauti account of Phedikhola Rural Municipality at Prime Bank Ltd., Phedikhola in Account No. 06500036CA.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjahas right to accept or reject the submitted bids wholly or partially.